मौद्रिक नीति अर्धवार्षिक समीक्षाको प्रभाव

# नेप्से हालसम्मकै उच्च बिन्दुमा

गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ३ गते। नेपाल राष्ट्र बैङ्कले आइतबार सार्वजनिक गरेको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाको प्रभाव सेयर बजारमा देखिएको छ।

राष्ट्र बैङ्कले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गर्दा बढी कठोर बन्ने हल्लाले केही सङ्कुचित भएको सेयर सोमबार १० अर्ब रुपियाँभन्दा बढीको कारोबार र नेप्से परिसूचक पनि २६०० को बिन्दु नजिक पुगेर नयाँ रेकर्ड बनाएको छ।

यसले लगानीकर्तामा उत्साह थपिएको र आफूहरूको माग सरकारले सुनिदिएको नेपाल पुँजी बजार लगानीकर्ताका अध्यक्ष राधा पोखरेलले बताउनुभयो। मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाले बजारको हल्ला चिर्न सकेकाले नै एक दर्जन लघुवित्तका सेयर सकारात्मक सर्किट लग्ने अवस्थामा पुगेको उहाँको भनाइ छ।



चार वर्षको कारोबारको चक्र पार गरेर बुलिस ट्रेन्डमा अगाडि बढेको सेयर बजारमा नयाँ रेकर्ड कायम हुनु स्वाभाविक नै भए पनि आइतबार आएको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सकारात्मक भएकाले सोमबारको बजारमा हरियाली छाएको सेयर लगानीकर्ता सङ्घका उपाध्यक्ष तारा फुल्लेलको भनाइ छ।

सोमबार नेप्से परिसूचक ९२.४२ अङ्कले बढेर २५८६.०१ को बिन्दुमा उक्लेको छ। यो हालसम्मकै उच्च बिन्दु हो। त्यस्तै क वर्गका कम्पनी मापक सेन्सेटिभ इन्डेक्स पनि १५.३३ अङ्कले उकालो लागेर ४६९.४४ को बिन्दुमा पुगेको छ। समग्रमा नेप्से ३.७१ प्रतिशत र सेन्सेटिभ इन्डेक्स ३.३७ प्रतिशतले बढेको हो।

कुल २०५ कम्पनी दुई करोड २४ लाख ४७ हजार १५७ कित्ता सेयर किनबेचबाट १० अर्ब ३८ करोड ४१ लाख ९७ हजार ६६९ रुपियाँको कारोबार भएको छ। कारोबारमा आएका १२ वटै समूहको परिसूचक उकालो लागेको छ।

सबैभन्दा बढी जीवन बीमा समूह ६९७.९१ बङ्कले बढेको भने निर्जीवन बीमा समूह ४४७.४४ अङ्कले बढेको छ। लघुवित्त समूह ३७०.३ अङ्कले बढेको छ। बैङ्किङ समूह ५७.३२ अङ्कले, व्यापार समूह ७१.६ अङ्कले बढेको छ।

कारोबारमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था अग्रस्थानमा रहेको छ। संस्थाको ७० करोड ४८ लाख रुपियाँभन्दा बढीको कारोबार हुँदा अन्तिम सेयर मूल्य एक हजार ५९३ रुपियाँ कायम भएको छ। उच्च कारोबार गर्ने अन्य कम्पनीमा नबिल बैङ्क, छिमेकी लघुवित्त, डिप्रोक्स लघुवित्त, ग्लोबल आईएमई बैङ्क रहेका छन्।

**दर्जनभन्दा बढी लघुवित्तमा सर्किट**

साताको दोस्रो दिन एक दर्जनभन्दा बढी कम्पनीको सेयरमा सकारात्मक सर्किट लागेको छ। छिमेकी लघुवित्त विकास बैङ्क, ग्रामीण विकास लघुवित्त वित्तीय संस्था, मिथिला लघुवित्त वित्तीय संस्था, किसान लघुवित्त वित्तीय संस्था, एनएमबी लघुवित्त वित्तीय संस्थाका सेयरमा १० प्रतिशतले वृद्धि भएको हो।

त्यस्तै आरएसडीएस लघुवित्त वित्तीय संस्था, फरवार्ड कम्युनिटी लघुवित्त वित्तीय संस्था, उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था, सामुदायिक लघुवित्त वित्तीय संस्था, आशा लघुवित्त वित्तीय संस्था, स्वाभिमान लघुवित्त वित्तीय संस्थाको सेयर पनि १० प्रतिशतले उकालो लागेको छ।

## परिसङ्घद्वारा स्वागत

गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ३ गते। नेपाल राष्ट्र बैङ्कले गरेको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षालाई नेपाल उद्योग परिसङ्घले स्वागत गरेको छ। परिसङ्घले सोमबार एक विज्ञप्ति प्रकाशित गर्दै मौद्रिक नीतिले कोभिड–१९ ले शिथिल बनाएको अर्थतन्त्र, उद्योग–व्यवसाय सञ्चालनमा थप राहत हुने विश्वास व्यक्त गरेको छ।

विज्ञप्तिमा भनिएको छ, 'अर्थतन्त्रलाई चलायमान बनाउन आवश्यक तरलता व्यवस्थापन गर्न राष्ट्र बैङ्कले ध्यान दिएको छ। कर्जाको ब्याजदरलाई वाञ्छित सीमामा राखी व्यवसायलाई सहज वातावरण बनाउन खोजेको छ।' कोभिड–१९ का समयमा गरिएको कर्जाका विशेष व्यवस्था, कर्जा पुनर्तालिकीकरण गर्न पाउने समयमा थपजस्ता कदमले व्यवसाय पुनरुत्थान हुँदै दिगो हुने परिसङ्घले जनाएको छ।

त्यस्तै मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामा तेस्रो मुलुकबाट ड्राफ्ट/टीटीको माध्यमबाट वस्तु आयात गर्दा भुक्तानी गर्ने रकम बढाइनु, भारतबाट विदेशी मुद्रामा आयात गर्ने वस्तु थप हुनु, स्वचालित तवरबाट नियमनकारी निकायबाट स्वीकृत भएको विदेशी लगानीका लागि राष्ट्र बैङ्कबाट अनुमति लिइरहनु नपर्ने व्यवस्थाले उद्योग–व्यवसायलाई थप हौसला दिएको परिसङ्घको भनाइ छ।

# संशोधित कार्यविधि कार्यान्वयन

गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ३ गते। सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि २०७५ (दोस्रो संशोधन) स्वीकृत भई कार्यान्वयनमा आएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उक्त कार्यविधि माघ २९ गते स्वीकृत गरेसँगै कार्यान्वयनमा आएको हो।

सामाजिक सुरक्षाको विश्वव्यापी आधारभूत मान्यतासाथै रोजगारदाता तथा श्रमिकले उठाउँदै आएका माग, चाहना र आकाङ्क्षा सम्बोधन गर्ने उद्देश्यले त्रिपक्षीय छलफल र सहकार्यका माध्यमबाट कार्यविधि संशोधन भई कार्यान्वयनमा आएको कोषले जनाएको छ।

संशोधित कार्यविधिमा औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना सुविधाका लागि योग्य हुन जम्मा गर्नुपर्ने, योगदान रकम निरन्तर तीन महिना हुनुपर्ने प्रावधानलाई थप स्पष्ट बनाइएको कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले जानकारी दिनुभयो।

उहाँले संशोधित कार्यविधिमा अस्पताल भर्ना नभई उपचार गर्दा पाउने रकम उपयोग नगरेका वा कम उपयोग गरेकाले सो सीमाभित्र रही बाँकी रहेको रकम अस्पतालमा भर्ना भई उपचार गर्दा थप हुनसक्ने व्यवस्था मिलाइएको पनि जानकारी दिनुभयो। कार्यविधिमा मातृत्व सुरक्षाअन्तर्गत योगदानकर्ताको पत्नी सुत्केरी भएपछि छ हप्तासम्मको उपचार खर्चसमेत पाउने गरी थप व्यवस्था गरिएको छ।

उहाँका अनुसार यसै योजनाअन्तर्गत निवृत्तभरण प्राप्त गरेका योगदानकर्ताले चाहेमा आफ्नो मासिक निवृत्तभरणबाट निश्चित रकम कट्टा गरी औषधि उपचार सुविधालाई निरन्तरता दिनसक्ने व्यवस्था छ। दुर्घटना तथा अशक्तता सुरक्षा योजनाअन्तर्गत रोजगारीजन्य दुर्घटनाको उपचारलाई पारदर्शी बनाउन कोषलाई जानकारी गराउने व्यवस्था गरिएको छ।

यसै योजनाअन्तर्गत अशक्तता वृत्तिको अधिकतम सीमा हटाइएको छ। आश्रित परिवार सुविधा योजनाअन्तर्गत विदेशी नागरिकको मृत्यु भई निजको हकवालाले पाउने रकम एकमुष्ट लिन चाहेमा सात लाख रुपियाँसम्म लिनसक्ने व्यवस्था गरिएको कोषले जनाएको छ।

संशोधनमार्फत कोषबाट सञ्चालनमा ल्याइएको वृद्ध अवस्था सुरक्षा योजनाअन्तर्गत जम्मा हुने योगदानकर्ताको आधारभूत पारिश्रमिकको २८.३३ रकमलाई निवृत्तभरण योजनामा २० प्रतिशत र अवकाश सुविधा योजनामा ८.३३ प्रतिशत रकम जम्मा हुने व्यवस्था गरिएको छ। निवृत्तभरण योजनामा जम्मा भएको कुल रकमलाई १८० ले भाग गरी मासिक रूपमा निवृत्तभरण दिने व्यवस्था भएकामा १८० भाजकलाई १६० कायम गरी मासिक निवृत्तभरण रकम अधिक हुनसक्ने गरी व्यवस्था मिलाइएको छ। यस्तै २०७८ असार मसान्तभित्र योगदान सुरु गर्ने योगदानकर्ताले चाहेमा निवृत्तभरणअन्तर्गतको २० प्रतिशत रकमसमेत अवकाश सुविधा योजनामा जम्मा गर्नसक्ने व्यवस्था गरिएको छ।

अवकाश सुविधा योजनामा जम्मा भएको रकम अवकाश हुँदा वा जागिरबाट अलग हुँदा निकाल्न पाउने तथा जागिरमा हुँदै ८० प्रतिशतसम्म विशेष सापटीको रूपमा लिनसक्ने व्यवस्था संशोधित कार्यविधिमा गरिएको छ।

अवकाश सुविधा योजनाअन्तर्गत नियमित रूपमा ८.३३ प्रतिशत रकम जम्मा गर्ने व्यवस्थाका अतिरिक्त कुनै योगदानकर्ताले स्वैच्छिक जम्मा गरेको रकम, अन्य अवकाश कोषबाट हस्तान्तरण भई आएको रकम, योगदानकर्ताले चाहेमा न्यूनतम आधारभूत पारिश्रमिकको तीन गुणाभन्दा बढी निवृत्तभरण योजनामा जम्मा हुने सीमाभन्दा बढीको रकम र ६० वर्ष उमेर पूरा भएका योगदानकर्ताको निवृत्तभरणअन्तर्गतको रकमसमेत अवकाश सुविधा योजनामा जम्मा हुने व्यवस्था गरिएको छ।

कार्यविधिमा दोस्रो संशोधनबाट सुविधा योजनालाई उच्चतम तहमा पुर्‍याउने, योगदानकर्ता मैत्री बनाउने तथा योगदानकर्ताको हितमा परिचालन गराई दिगो सुनिश्चित प्रतिफल हासिल गर्ने दिशामा अगाडि बढ्न मार्ग प्रशस्त हुने विश्वास गरिएको छ।

## नेपाल बैङ्क र बीमा संस्थानबीच सहकार्य

गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ३ गते। नेपाल बैङ्क र राष्ट्रिय बीमा संस्थानबीच सहकार्य गर्ने सहमति भएको छ। बिहीबार भएको सहमतिअनुसार राष्ट्रिय बीमा संस्थानमा नेपाल बैङ्कको एक्सटेन्सन काउन्टर स्थापना गरेर बीमाको प्रिमियम सङ्कलन गरिनेछ।

साथै संस्थामा कार्यरत कर्मचारीलाई बैङ्कले सहुलियत दरमा बिनाधितो कर्जा पनि उपलब्ध गराउने सम्झौतापत्रमा उल्लेख छ। सम्झौतापत्रमा बैङ्कका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारी र संस्थानका प्रमुख प्रशासक कविराज पाठकले हस्ताक्षर गर्नुभएको बैङ्कले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

## महालक्ष्मी लाइफले सेयर निष्कासन गर्ने

गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ३ गते। महालक्ष्मी लाइफ इन्स्योरेन्स कम्पनीले ६० करोड रुपियाँ बराबरको साधारण सेयर निष्कासन गर्ने भएको छ। कम्पनीको सोमबार काठमाडौँमा आयोजित तेस्रो वार्षिक साधारण सभाले यस्तो निर्णय गरेको हो। साधारण सभाले वार्षिक प्रतिवेदनसहित आव २०७५/७६ को वित्तीय विवरण पनि पारित गरेको छ।

सभामा संस्थापकका तर्फबाट आगामी चार वर्षका लागि मनोरञ्जन रमण शर्मा, उमेशलाल श्रेष्ठ, सुरेश सापकोटा, सम्झना अर्याल र विश्वचन्द्र घिमिरे निर्विरोध चयन हुनुभएको घोषणा गरिएको जारी विज्ञप्तिमा उल्लेख छ।

## महानिर्देशकमा डा. श्रेष्ठ

गोरखापत्र समाचारदाता

काठमाडौँ, फागुन ३ गते। पशु सेवा विभागको नवनियुक्त महानिर्देशक डा. दमयन्ती श्रेष्ठले पदभार ग्रहण गर्नुभएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको माघ २९ गतेको मन्त्रीस्तरीय निर्णयले उहाँलाई महानिर्देशकमा नियुक्त गरेको छ। उहाँ पशु सेवा विभागको पहिलो महिला महानिर्देशक बन्नुभएको छ।

महानिर्देशक श्रेष्ठले गुजरात कृषि विश्वविद्यालय आनन्द भेटेरिनरी कलेजबाट बीभीएससी एन्ड एएचमा गोल्डमेडल हासिल गर्नुभएको छ। २०४६ सालमा पशु सेवा क्षेत्रमा अस्थायी कर्मचारीका रूपमा प्रवेश गर्नुभएको श्रेष्ठ २०५० सालमा स्थायी हुनुभएको थियो। २०७२ फागुन १७ गते आन्तरिक प्रतिस्पर्धाबाट उहाँ सहसचिव पदमा बढुवा हुनुभएको थियो।


**घर भाडामा लिने सम्बन्धी संशोधन गरिएको सूचना**

कोषले मिति २०७७।१०।२६ गते गोरखापत्र र मिति २०७७।१०।२७ गते बुटवल टुडेमा प्रकाशित गरेको घर भाडामा लिने सम्बन्धी प्रकाशित सूचनामा बुटवल उप–महानगरपालिका वडा नं ७,८,९,१० र ११ योगीकुटीदेखि बुटवल बहुमुखी क्याम्पस सम्मको सिद्धार्थ राजमार्गको दायाँ वा बायाँतर्फको स्थान हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सरोकारवाला सबैको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ।

**नागरिक लगानी कोष**
नयाँ बानेश्वर, काठमाडौँ
पोस्ट बक्स नं. ५८२३,
फोन: ०१–४७८५७१९, ०१–४७८५३२५, फयाक्स : ०१–४७८५३२०
इ–मेल : cit@htp.com.np वेबसाइट : www.nlk.org.np



**राष्ट्रिय वाणिज्य बैंक लि.**
राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईंको आफ्नै बैंक
**शाखा कार्यालय, कलैया**

**निक्षेप हकदाबी सम्बन्धी ३५ दिने सूचना**

प्रथमपटक प्रकाशित मिति :– २०७७।११।०४

बारा जिल्ला साबिक भवानीपुर गाउँ पञ्चायत वडा नं. ०५ स्थायी घर भई हाल कलैया उ.म.न.पा वडा नं. ०१ बस्ने श्री डेबा महतो कोइरीको मिति २०७७।०३।१० मा मृत्यु भएकोले यस बैंकमा रहेको ब.हि.नं.१२६०१०००२२२६०१० खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालाकी श्रीमती नाता पर्ने बारा जिल्ला साबिक कलैया गाउँ पञ्चायत वडा नं. ०४ हाल कलैया उ.म.न.पा वडा नं. ०१ बस्ने मन्जु देवीले यस बैंकमा मिति २०७७१०।२७ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय कलैयामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरीएको छ।



**नाम परिवर्तन भएको सूचना बारे।**

नेपाल टेलिकम प्रादेशिक संरचनामा गएकोले काठमाडौँ क्षेत्रिय निर्देशनालय त्रिपुरेश्वर, काठमाडौँ (साबिक)को निम्नानुसार नाम परिवर्तन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

**नेपालीमा**
**श्री नेपाल टेलिकम,**
**प्रादेशिक निर्देशनालय, काठमाडौँ**
बागमती प्रदेश, त्रिपुरेश्वर

**अङ्ग्रेजीमा**
**Nepal Telecom**
**Provincial Directorate, Kathmandu**
**Bagmati Province, Tripureshwor**

**नेपाल टेलिकम**
प्रादेशिक निर्देशनालय काठमाडौँ
बागमती प्रदेश, त्रिपुरेश्वर।


**नेपाल खुला विश्वविद्यालय**
**केन्द्रीय कार्यालय**
मानभवन, ललितपुर

नेपाल खुला विश्वविद्यालय स्था: २०७३

फोन नं.: ०१-५००८०४७, ५००८२६२
www.nou.edu.np

**ई-पुस्तकालय तथा सिकाई व्यवस्थापन प्रणालीका लागि Plagiarism Checking System software सब्सक्रिप्सनका लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०७७/११/०४)

यस विश्वविद्यालयको **ई-पुस्तकालय तथा सिकाई व्यवस्थापन प्रणालीका लागि नक्कल परिक्षण प्रणाली सम्बन्धी सफ्टवेयर** (Plagiarism Checking System software) **को सब्सक्रिप्सन** उपलब्ध गराउनका लागि इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरूको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयसम्ममा फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट/प्यान दर्ता र आ.व.२०७६/७७ को करचुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न गरी) पेश गरी यस विश्वविद्यालयबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ। विदेशी आपूर्तिकर्ताको हकमा नेपाल खुला विश्वविद्यालयको वेवसाईटबाट दरभाउपत्र डाउनलोडगरी दरभाउपत्र भरेर खाम भित्र राखेर शिलबन्दी गरी तोकिएको म्याद भित्र विश्वविद्यालयमा आईपुग्नेगरी नेपाल खुला विश्वविद्यालय, मानभवन, ललितपुर (Nepal Open University, Manbhawan, Lalitpur) को ठेगानामा हुलाक वा कुरियर वा अन्य विधिबाट पठाउन सकिनेछ।

| दरभाउपत्र/ठेक्का नं. | विवरण | दरभाउपत्र फारम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|
| 01/NOU/077-78 | Supply of Annual Subscription service for Plagiarism Checking Software System | रु.१,०००।- | १७,५४४।- | सिलबन्दी दर्ता। |

२. दरभाउपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस विश्वविद्यालयको नाममा जारी भएको बिडबण्ड वा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सानोठिमी शाखामा रहेको खाता नं. १७३०००२६६००१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ। विडवण्डको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनुपर्नेछ। दरभाउपत्रको मान्य अवधि ४५ (पैतालीस) दिन हुनेछ।

३. दरभाउपत्र फारम सिलबन्दी गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस विश्वविद्यालयको प्रशासन शाखामा दर्ता गराई सक्नुपर्नेछ।

४. दर्ता हुन आएका दरभाउपत्र फारमहरू प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २:०० बजे विश्वविद्यालयको प्रशासन शाखामा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। तर कम्पनी/फर्मको प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। दरभाउपत्र खोल्न सहभागी हुन चाहने फर्म/कम्पनीका प्रतिनिधिलाई आधिकारिक पत्र सहित आफ्नो पहिचान खुल्ने परिचयपत्र अनिवार्य रूपमा लिई आउनुहुन अनुरोध गरिएको छ। अन्यथा दरभाउपत्र खोल्ने स्थानमा प्रवेश दिइने छैन। दरभाउपत्र फारम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन एवम् दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा ती कार्यहरू भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।

५. दरभाउपत्रदाताको कानुनी ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसाथ देहायका कागजातहरू पेश गर्नुपर्नेछ :
(क) फर्म/संस्था/कम्पनीदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्यअभिवृद्धि कर र पानदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) दरभाउपत्रदाताले खरिद कारबाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणाको सक्कल प्रति (घ) आ.व.२०७६।७७ सम्मको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कर विवरण पेश गरेको प्रमाण (ङ) फर्म/कम्पनीले आधिकारिक रूपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र।

६. दरभाउपत्र फारम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर नेपाल खुला विश्वविद्यालयको ई-पुस्तकालयका लागि Plagiarism Checking System software सब्सक्रिप्सनका लागि सिलवन्दी दरभाउपत्र २०७७" भनी स्पष्टसँग उल्लेख गर्नु पर्नेछ।

७. दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरू पूर्ण रुपमा उल्लेख नगरेको, दरभाउपत्र फारममा उल्लेख गर्नुपर्ने भनिएका कागजगातहरू दरभाउपत्रसाथ समावेश नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको दरभाउपत्रहरू उपर कुनै कारवाही गरिने छैन।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विश्वविद्यालयमा निहित रहने छ। विश्वविद्यालयले सारभूत रुपमा प्रभावग्राही रहेका दरभाउपत्रहरूमध्येबाट हरेक प्याकेजका लागि न्यूनतम रकम कबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्न सक्नेछ।

९. माथि उल्लेखित सर्तहरू बाहेक अन्य कुराहरू दरभाउपत्र फारम एवं प्रचलित कानुन अनुसार हुनेछ।

१०. यो सूचना विश्वविद्यालयको वेवसाइट www.nou.edu.np मा समेत हेर्न सकिनेछ। यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र विश्वविद्यालयको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

**कर्मचारी सञ्चय कोष**
(कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित)
**वित्तीय अवस्थाको विवरण**
**२०७७ पौष मसान्त**

रकम रू. लाखमा

| विवरण | २०७७ पौष २९ (अपरिष्कृत) | २०७७ आश्विन ३० (अपरिष्कृत) | २०७७ आषाढ ३१ (लेखापरीक्षण सम्पन्न) |
|---|---|---|---|
| **सम्पत्तिहरू** | – | | |
| नगद तथा नगद समान | १९,२८८ | ३०,३७६ | ९,७६५ |
| बैंक तथा वित्तीय संस्थाहरूमा रहेको मौज्दात | १,१५९,५१४ | १,१३४,७०८ | १,०७७,६२८ |
| व्यापारिक प्रकृतिका सम्पत्तिहरू | – | – | – |
| सञ्चयकर्तालाई कर्जा तथा सापटी | १,९७१,७७४ | १,९५१,१८९ | १,९००,८५८ |
| परियोजना तथा संगठित संस्थाहरूलाई कर्जा तथा सापटी | ६२७,९५८ | ६३१,९७८ | ६२३,१७८ |
| कर्मचारीहरूलाई कर्जा तथा सापटी | १६,२३४ | १७,८५१ | १६,३६७ |
| धितोपत्रहरूमा लगानी | २८७,६५६ | २७६,४०४ | २१६,७४२ |
| सम्बद्ध कम्पनीहरूमा लगानी | – | – | – |
| सम्पत्तिहरूमा लगानी | ७,००९ | ७,२०२ | ६,८५९ |
| सम्पत्ति र उपकरण | ७,६४७ | ७,७०४ | ५,५०३ |
| अमूर्त सम्पत्ति | ३१ | ६७ | ३९ |
| अन्य सम्पत्ति | ११,१३६ | १०,०३२ | ११,१३६ |
| **जम्मा सम्पत्ति** | ४,१०८,२४७ | ४,०६७,५११ | ३,८६८,०७५ |
| **दायित्वहरू** | | | |
| कर्मचारी सुबिधा दायित्व | ३५,३९९ | ३८,३३१ | ३३,०८४ |
| अन्य दायित्व | १०,३७८ | १२,७८२ | १४,३७८ |
| **जम्मा दायित्व** | ४५,७७७ | ५१,११३ | ४७,४६२ |
| **कोष तथा जगेडा** | – | | |
| सञ्चय कोष | ३,६९६,०४९ | ३,६६६,०७२ | ३,५४४,०८१ |
| निवृत्तभरण कोष | ८,०३० | ५,७७४ | ४,८०९ |
| अन्य कोष | – | – | – |
| जगेडा तथा बचत | ३५८,३९१ | ३४४,५५२ | २७१,७२३ |
| **जम्मा कोष तथा जगेडा** | ४,०६२,४७० | ४,०१६,३९८ | ३,८२०,६१३ |
| **जम्मा कोष, जगेडा तथा दायित्व** | ४,१०८,२४७ | ४,०६७,५११ | ३,८६८,०७५ |


नेपालको पहिलो बैंक
**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**
स्थापित वि.सं. १९९४

**Invitation for Bids**

**Nepal Bank Ltd**
**Head Office**
**General Service Department**
**Invitation of Electronic Bids for the Supply, Installation and Configuration of Branch VPN Firewall System in HA**
Contract Identification No: NBL/NCB46/G077/78
Date of publication: 2077/11/04

1. The Nepal Bank Limited invites electronic bids from eligible bidders for the procurement of Supply, Installation and Configuration of Branch VPN Firewall System in HA under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Nepal Bank Limited, Head Office, General Service Department, Dharmapath, Kathmandu or may visit e-GP system: www.bolpatra.gov.np/egp .
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document (i.e.Rs.3000/-) in the following bank.
   Name of the Bank: Nepal Bank Limited    Name of the Branch: Kathmandu Banking Office
   Account Name: Bid Document Dastur    Account no.: 00200106711283000001
4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the Nepal Bank Limited, Dharmapath, Kathmandu on or before 12:00 PM on 2077/12/05
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 12:30 PM, 2077/12/05 at the Nepal Bank Limited, Dharmapath, Kathmandu. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of NPR. 50,000/- which shall be valid for minimum 30 days beyond the bid validity period.
6. If the last date of submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.